जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ३४, २०८२ चैत १२ गते विहीबार, 26Mar 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-



बजेट निर्माणमा सरकार

○सहीखबर संवाददाता

मकवानपुर । आगामी आर्थिक वर्षको लागि बागमती प्रदेश सरकारले बजेट निर्माण प्रक्रिया थालेको छ ।

प्रदेश सरकार अन्तर्गतको आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट निर्माणका लागि स्रोत अनुमान तथा मूल्याङ्कन सुरू गरेको हो ।

यसैसाता बसेको प्रदेश सरकार को बजेटको स्रोत व्यवस्थापन समितिको बैठकले प्रदेशको वर्तमान आर्थिक अवस्थाको समीक्षा गर्दै आगामी वर्षको बजेटको सम्भावित आकार र स्रोतको बाँडफाँट निर्धारण गरेको हो ।

आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङको नेतृत्वमा रहेको उक्त समितिमा मन्त्रालयका निमित्त सचिव नुमानन्द अधिकारी, बजेट महाशाखा प्रमुख तथा नेपाल राष्ट्र बैंकका निर्देशक सदस्य रहने व्यवस्था छ ।

समितिको बैठकले प्रदेश सर कारको चालु आर्थिक वर्षको राजस्व सङ्कलनको स्थितिअनुसार आगामी वर्षको बजेटको स्रोत पहिचान तथा निर्धारण गरेको हो ।

मन्त्री तामाङका अनुसार आगामी आर्थिक वर्षको बजेट चालु आर्थिक वर्षको तुलनामा निकै खुम्चिने सम्भावना देखिएको छ । समितिको मूल्याङ्कन अनुसार आगामी वर्षको बजेट चालु आर्थिक वर्षको तुलनामा करिब १७ अर्ब रूपैयाँ (२५.८९ प्रतिशत)ले घट्ने अनुमान गरिएको छ ।

मन्त्री तामाङले आगामी आर्थिक वर्षका लागि करिब ५० अर्ब रूपैयाँको हाराहारीमा बजेट तयार गर्ने गरी स्रोत अनुमान गरिएको बताए ।

सरकारले ४७ अर्ब रूपैयाँलाई आधारभूत आकार निर्धारण गरे पनि केही अत्यावश्यक र थप योजना समावेश गर्दा बजेटको सीमा ५० अर्बसम्म पुग्न सक्ने बताइएको छ । चालु आर्थिक वर्ष ६७ अर्ब ४७ करोड रूपैयाँको बजेट ल्याएको प्रदेश सरकारले आगामी वर्षमा ५० अर्बमन्दा बढीको बजेट ल्याउन सक्ने अवस्था नरहेको मन्त्री तामाङको भनाइ छ ।

बजेटको स्रोतका रुपमा प्रदेश सर कारले बाँडफाँट प्राप्त हुने राजस्वबाट ३० अर्ब ८९ करोड रूपैयाँ पाउने अनुमान गरेको छ, जुन कुल बजेटको ५० प्रतिशतभन्दा बढी हिस्सा हो ।

आगामी बजेटमा संघीय अनुदानतर्फको रकम पनि घट्ने अनुमान गरिएको मन्त्री तामाङको भनाइ छ । उनका अनुसार संघीय सरकारले संविधानको व्यवस्था अनुसार प्रदान गर्ने विभिन्न शीर्षकको अनुदान बापतको र कम १३ अर्ब ८१ करोड रूपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।

प्रदेश सरकारको आन्तरिक आयतर्फ हिस्सा भने कुल बजेटमा ४ अर्ब १२ करोड रूपैयाँ रहेको मन्त्री तामाङले बताए । चालु आर्थिक वर्षको बजेट कार्यान्वयन पश्चात नगद मौज्दात ५ अर्ब रूपैयाँ रहने भएकाले बजेटको आकार खुम्चिने अवस्था रहेको उनको भनाइ छ ।

विगतमा नगद मौज्दात पनि बढी हुने भएकाले बजेटको आकार बढी हुने गरेको तर, आगामी वर्ष नगद मौज्दात पनि घट्ने अवस्था रहेको मन्त्री तामाङले प्रस्ट पारे ।

जेनजी आन्दोलन, विपद् व्यवस्थापनको दबाब र निर्वाचन लगायतका कारणले राजस्व सङ्कलनमा प्रत्यक्ष असर परेको मन्त्री तामाङले बताए । यसका साथै संघीय सरकारबाट प्राप्त हुने अनुदानमा भइरहेको निरन्तर कटौतीले प्रदेशको बजेट निर्माणमा ठुलो चुनौती थपेको उनको भनाइ छ ।

प्रदेश सरकारले खर्च गर्न नसकेको ३ अर्ब रूपैयाँभन्दा बढीको अनुदान रकम संघीय सरकारलाई नै फिर्ता गर्नुपर्ने अवस्था रहेकाले पनि उपलब्ध स्रोतमा थप सङ्कुचन आएको उनले बताए ।

'हामीसँग भएका सीमित स्रोत र वर्तमान आर्थिक सूचकहरुले ५० अर्बमन्दा ठुलो बजेट बनाउन अनुमति दिँदैनन् । त्यसैले आगामी वर्षको बजेट यथार्थपरक र प्राथमिकताका आधारमा केन्द्रित हुनेछ,' मन्त्री तामाङले भने, 'स्रोत व्यवस्थापन समितिले तथ्याङ्क र मार्गनिर्देशनका आधारमा अब प्रदेशका विभिन्न मन्त्रालयले आ आफ्नो योजना र कार्यक्रमको खाका तयार पार्नेछन् ।'

राजस्व सङ्कलनको लक्ष्य भेट्टाउन कठिन भइरहेको अवस्थामा प्रदेश सरकारले खर्च कटौती र उत्पादनमुखी कार्यक्रममा जोड दिनुपर्ने उनको भनाइ छ ।

प्रदेश सरकारले आगामी वर्षको बजेट निर्माणका लागि केही दिनमै मन्त्रालयगत रुपमा सिलिङ पठाउने तयारी गरेको तामाङले जानकारी दिए । मन्त्रालयहरुको सिलिङ पनि घट्ने हुँदा कुन कुन सेक्टरमा घटाउने भन्ने विषयमा गृहकार्य भइरहेको उनले बताए ।

आगामी आर्थिक वर्षको बजेटलाई व्यवस्थित र प्रभावकारी बनाउन बजेट निर्माण मार्गदर्शन सहित आर्थिक मामिला तथा योजना मन्त्रालयले विभागीय मन्त्रालयहरुलाई पत्राचारको तयारी गरेको जानकारी पनि उनले दिए ।

इन्साइड ---- स्टोरी

यौन अपराध अनुसन्धानको मनोवैज्ञानिक पक्ष

विचार

व्यक्ति अझै क्रोनिक अवस्थामा पुग्दै गए उसले अन्य सबै कुरा बिर्सिएर एकोहोरो बन्छ ।



पेज २ मा

श्रीप्रसाद प्रसाई

पवित्रा र रचनाको संसद यात्रा



पेज ३ मा

क्षयरोग:उपचार केन्द्र देशभर, दैनिक ४४ जनाले गुमाउँछन् ज्यान

पेज ४ मा

महोत्सव हेर्न टिसिएन चौर जाऔं — सहभागी बनौं सफल पारौं

दोस्रो

बृहत खेलकुद, कृषि तथा पर्यटन महोत्सव-२०८२


मुख्य आकर्षणहरू:

- विभिन्न राष्ट्रिय तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता
- दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
- परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवम् कला प्रदर्शन ।
- खेलकुद सामग्री, लत्ता कपडा तथा भाँडाकुडा प्रदर्शनी
- अन्तराष्ट्रिय स्तरको बाल उद्यान (रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
- राष्ट्रिय तथा स्थानीय खानाको प्रदर्शनी



विशेष आकर्षण





(२०८२ फागुन २९ गतेदेखि चैत १४ गतेसम्म)
हेटौडा-१०, टिसिएन चौर





आयोजक:
मकवानपुर जिल्ला खेलकुद विकास समिति, हेटौडा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

वनको सुरक्षा

डिभिजन वन कार्यालय मकवानपुरले चैत १ गतेबाट ७ गतसम्म वन डढेलो विरूद्धको अभियान कार्यक्रम सकेको छ । वनमा लाग्ने डढेलो रोक्न, यस विरूद्ध जनचेतना जगाउने हरेक वर्ष यो कार्यक्रम गर्दै आइएको छ । वन हाम्रो जीवनको आधार हो। हावा, पानी, जैविक विविधता र जलवायु सन्तुलनको प्रमुख स्रोत हो वन । तर हरेक वर्ष देखिने डढेलोले यी सबैलाई गम्भीर जोखिममा पारिरहेको छ। "वनमा आगो नलगाऔं" भन्ने आह्वान केवल नारा होइन, हाम्रो अस्तित्वसँग जोडिएको जिम्मेवारी हो। डढेलोका कारण हजारौं हेक्टर वन नष्ट हुन्छन्, दुर्लभ वन्यजन्तु मर्छन्, माटोको उर्वराशक्ति घट्छ र वायुप्रदूषण बढ्छ। यसले मानव स्वास्थ्यमा समेत प्रतिकूल असर पार्छ ।

धुवाँका कारण श्वासप्रश्वाससम्बन्धी समस्या बढ्छन्। अझै दु:खद कुरा, धेरैजसो आगलागी मानव लापरवाहीबाटै हुने गरेको छ । सिगरेटका ठुटा, अनियन्त्रित आगो बाल्ने बानी, वा वन सफाइका नाममा गरिने लापरवाहीपूर्ण गतिविधि। यस समस्याको समाधानका लागि राज्य, स्थानीय तह र समुदायबीच सहकार्य आवश्यक छ। जनचेतना अभिवृद्धि, कडा कानुनी कार्यान्वयन र सामुदायिक वन उपभोक्ता समूहहरुको सक्रियता अपरिहार्य छन्। विद्यालय तहदेखि नै वातावरण शिक्षा प्रभावकारी बनाउनु जरूरी छ।

वन जोगाउनु भनेको भविष्य जोगाउनु हो। एक क्षणको असावधानीले वर्षौंको प्राकृतिक सम्पदा नष्ट हुन सक्छ। त्यसैले सबैले जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्दै वनमा आगो नलगाउने संस्कार विकास गरौं। अहिलेको सानो प्रयासले भोलिको ठूलो विनाश रोक्न सक्छ । वनमा आगो लगाउनेलाई कारवाहीको दायरामा ल्याउन सकियो भने वनमा आगो लागनउने र वन्यजन्तु तथा जडिबुटीको नष्ट गर्ने जस्ता घटनाहरू स्वत: कम हुदै जान्छन् । विभिन्न ३ तहको सरकारले आफ्नो तहबाट वन रक्षाको लागि कार्य गर्दैगर्दा स्थानीय उपभोक्ताहरूको सहकार्य पनि अत्यन्तै जरूरी छ । सरकारको मुखमात्रै तोकर हैन, आफू आफूले आफ्नो स्तरबाट पनि वन सुरक्षाको लागि योगदान गरौं, वनको सुरक्षा गरौं ।

यौन अपराध अनुसन्धानको मनोवैज्ञानिक पक्ष



श्रीप्रसाद प्रसाई

व्यक्ति अझै क्रोनिक अवस्थामा पुग्दै गए उसले अन्य सबै कुरा बिर्सिएर एकोहोरो बन्छ । यसपछि आइलाग्ने चुनौती हृदयगत सोच विचारै नगरी कुण्ठा पूरा गराउने सर्वोत्तम उपाय कै रूपमा अपराधिक कार्य गर्न पछि पर्दैन ।

१६ वर्षीया इनिशा विकको पासविक यौनजन्य हिंसाबाट मृत्यु घटना पूर्णरुपमा निर्मुल हुन सकेको छैन । सुर्खेत वीरेन्द्र नगर १ की इनिशा गत २३ फागुन शनिबार बिहान '८ बजे घर आइपुग्छु' भनी आमा तिलासँग बिदा मागेर ६ बजे नै दयूसन पढ्न गइन् । तर, ९ बजे घरसम्म पनि आइपुगिनन् । खोजी गर्दा ९:४५ बजे उनी नग्न अवस्थामा जंगलमा फेला परिन् । १० बजे नै उनलाई उपचारार्थ प्रदेश अस्पताल पुर्याइयो तर चिकित्सकले मृत घोषणा गरे । इनिशाको मृत्यु यौनांगबाट अत्यधिक रक्तस्रावका कारण भएको थियो । प्रहरीले तत्काले इनिशाको 'प्रेमी' भनिएका किशोरलाई घटनास्थलआसपास क्षेत्रबाटै पक्राउ गर्‍यो । अन्य शंकास्पद तीन किशोर पनि भोलिपल्टै वा आइतबारै पक्राउ परे । पक्राउ परेका किशोरउपर प्रहरीले विविध कोणबाट अनुसन्धान गरिरहेको छ । यसक्रममा उनीहरुको पोलिग्राफ र डीएनए टेस्ट पनि भइसकेको छ ।

पछिल्लो समय यौनजन्य अपराध अनुसन्धानमा पीडकको मनोवैज्ञानिक पक्षलाई विशेष महत्व दिनुपर्ने देखिएको छ । यसक्रममा प्रहरी अनुसन्धानकर्ताले परम्परागत अनुसन्धान विधिमात्रै पछ्याउँदा पीडक त कारबाहीमा पर्दछ । तर, यस्तो पासविक हत्या नियन्त्रण गर्ने कार्य भने प्रभावकारी हुन सक्दैन । किनकि यौनजन्य हिंसाको पूर्वपृष्ठभूमि पीडकको मनोवैज्ञानिक पक्षसँग सम्बन्धित हुन्छ भन्ने बुझ्नुपर्छ । लामो समयसम्म व्यक्तिमा उकुसमुकुस अवस्थामा रहेको यौनकुण्ठाले कार्यरुपमा परिणत हुँदा वा त्यसलाई संयमित बनी व्यक्तिले सहन गर्न नसक्दा नै पासविक हत्या हुन्छ । यसैले यौनजन्य अपराध प्रभावकारी ढंगले नियन्त्रण गर्ने हो भने प्रहरी अधिकारीलाई अपराध अनुसन्धान सँगसँगै मनोवैज्ञानिक प्रशिक्षण पनि दिनुपर्छ । त्यो अवस्थामा घटना घट्नु पहिलेकै वा व्यक्तिले पृष्ठभूमि तय गरिरहेकै अवस्था पहिचान गरी घटना हुन पाउने व्यवस्था मिलाउन सकिन्छ ।

वास्तवमा व्यक्तिविशेषका मनमा उब्जने नकारात्मक भाव, मानसिक क्रिया वा प्रतिक्रिया, द्वन्द्व र मनोदशा अध्यापन गर्ने शास्त्र मनोविज्ञान हो । यसले व्यक्तिमा यौनजन्य विकास र यौनकुण्ठा कसरी वा कुनबिन्दुबाट कहिलेदेखि प्रारम्भ हुँदै आयो ? तथा कसरी विकसित भइरहेको छ ? भन्ने कारकतत्व पहिचान गराउँछ । यसैको कारण व्यक्तिको शारीरिक एवं मानसिक अवस्थामा परिवर्तन ल्याउँछ । व्यक्ति अझै क्रोनिक अवस्थामा पुग्दै गए उसले अन्य सबै कुरा बिर्सिएर एकोहोरो बन्छ । यसपछि आइलाग्ने चुनौती'दयगत सोचविचारै नगरी कुण्ठा पूरा गराउने सर्वोत्तम उपायकै रुपमा अपराधिक कार्य गर्न पछि पर्दैन । यस्तो अन्तिम चरणमा पुग्नुअगाडि प्रारम्भिक बिन्दुबाट कोही उतिखेरै, संयमता गुमाउने अवस्थामा पुग्छन् भने कोही केही दिन वा ८/१० दिनसम्म पनि रहन सक्छन् । यही चरणमा व्यक्तिको हाउभाउ, चालचलन, एकोहोरोपन, एक्लै बस्न रूचाउने, सोचिरहने, मानसिक रुपमै पीडित बन्ने, अत्यन्त घनिष्ट साथीसँग बस्न रूचाउने लक्षण देखापर्न सक्छन् । पीडकको पूर्वअवस्था पहिचान प्रक्रिया नै यही हो । यो अवस्थाको पहिचान परिवारकै सदस्यले, साथीसंगतिले, छरछिमेकीले, नाता सम्बन्धका व्यक्तिले महिला साथीले र विद्यालयका शिक्षक शिक्षिकाले नै सहजै गर्न सक्छन् ।

यही प्रारम्भिक अवस्थामै पहिचान गर्नसके त्यो अवस्थाबाट व्यक्तिलाई सामिकै तन्दुरूस्त मानसिक अवस्थामा फर्काउन सकिन्छ । यी सबै टेक्निक मनोवैज्ञानिक प्रशिक्षणबाट प्राप्त गर्न सकिन्छ । यो प्रशिक्षणको मुख्य उद्देश्य नै घटनापछिको पीडक पक्राउतर्फभन्दा पीडकबाट घटना नै हुन नपाउने व्यवस्था गर्ने हो । यो अहिले अत्यावश्यक देखिएको छ । कसुरदारलाई गलाउने वा घटना वृतान्त'दयगत साबित गराउने, साबिती बयानबाट प्रारम्भ भएको प्रहरी अनुसन्धान, अहिले प्रमाण आफैंले बोलाउने अवस्थामा पुगेको छ । अपराधीको अपराध कार्यशैली जतिजति परिस्कृत भइरहेको छ, अनुसन्धान प्रक्रियालाई पनि उतिनै परिस्कृत नगरिए प्रहरी सफल बन्न सक्दैन । अहिलेको प्रहरीले अपराध नियन्त्रण गर्न सम्भावित घटना'दयगतमा गरिने पूर्वअनुसन्धानलाई बढी महत्व दिइनुपर्दछ । घटना हुनुपूर्व अनुसन्धान गर्ने प्रचलन करिब ३०/३५ वर्ष पहिलेकै हो । लोकतन्त्र स्थापित भएपछि स्वैच्छाचारी राज्य सञ्चालकको बदनियतकै कारण हत्यारा र बलात्कारीले नै उन्मुक्ति पाउँदै आएको अवस्थामा सम्भावित घटना अनुसन्धान गर्न प्रहरी निरूत्साहित भएकोमात्र हो । तर, अपराध नियन्त्रण प्रहरीको पहिलो दायित्व भएकोले यसलाई प्रहरीले उपेक्षा गर्नु हुँदैन । यदि समाज नै अपराधविरूद्ध एकजुट बन्ने हो भने तथा प्रहरीले पनि सांकेत व्यक्तिको क्रियाकलापउपर मनोवैज्ञानिक ढंगले निगरानी गरिरहने हो भने समाजमा अपराध हुँदैन । यसका लागि प्रहरी र स्थानीय बासिन्दाको सहकार्य पनि उतिकै आवश्यक छ । यौनजन्य अपराध नियन्त्रण गर्न समाजमा कसको कस्तो भूमिका हुनुपर्दछ ? भन्ने'दयगत चर्चा नगरिए यो स्तम्भ अधुरो हुन्छ । यसर्थ, यस्तो अपराध रोकथाम गर्न प्रहरीले विगतमा सार्वजनिक गरेको आव २०८१/०८२ को यौनहिंसाको तथ्यांक हेरे सावधानी अपनाउनु सहज हुन्छ ।

स्मरणरहोस्, प्रहरीको सो तथ्यांकले यौनजन्य अपराधमध्ये ९२ प्रतिशत घटना चिनेजानेकै व्यक्तिबाट भएको देखाउँछ । त्यसमध्ये पनि परिवारकै नातेदार, छिमेकी, साथीसंगति, शिक्षक तथा चिनजानकै व्यक्तिको संख्या बढी हुनु समाजकै निम्ति चुनौती हो । यसर्थ, समाज जागरूक नभएसम्म इनिशा विक र निर्मला पन्त प्रकरण बराबर दोहोरिन सक्छ । सम्बद्ध पक्षले यथासक्य निम्न उपाय व्यवहारमा अवलम्बन गर्नु उचित हुन्छ ।

कानुनी चेतना फैलाउने

कानुनी व्यवस्थाले मात्र यौन हिंसा नियन्त्रण गर्दैन । हरेक व्यक्तिले कानुनको अनुशरण गर्ने वातावरण राज्यद्वारा निर्मित हुनुपर्दछ । कानुन अनुशरण गर्ने वातावरण त्यतिखेर हुन्छ, जब सबै नागरिक नै कानुन'दयगत जानकार हुन्छन् । कस्तो कार्य कानुनी मापदण्डभित्रको मानिन्छ र के कस्तो कार्य गैरकानुनी एवं दण्डनीय हुन्छ ? तथा त्यस्तो गैरकानुनी कार्य गरे के कस्तो दण्ड सजाय हुन सक्छ ? भन्ने आमनागरिकले नुबझेसम्म जनतामा कानुनी सचेतना फैलिएको मानिँदैन । कानुन सन्दर्भमा हाम्रो समाजमा देखिएको प्रमुख समस्या नै यही हो । कानुनमा गरिने कठोर दण्डसजाय व्यवस्थाभन्दा सामान्य दण्ड सजायकै प्रावधान'दयगत नागरिक जानकार भए त्यो नै अपराध रोकथाम प्रभावकारी अस्त्र हुन्छ भन्ने कुरा राज्यले बुझ्न जरूरी छ । तर, यही कुरा नै राज्यबाट उपेक्षित छ । यौनहिंसा नियन्त्रण हुन नसक्नुको मुख्य कारण यही हो ।

वास्तवमा कानुन निर्माण समाज व्यवस्थित गराउन गरिने हो । समाजमा देखापर्ने असमान्य परिस्थिति, थिचोमिचो, हस्तक्षेप, हिंसा, असुरक्षा तथा समाज सुसञ्चालनमै आइलाग्ने अवरोध नै कानुनको पृष्ठभूमि हुने भएकाले त्यस्तै कुरा व्यवस्थित गर्ने उद्देश्यले निर्माण हुने कानुनको मस्यौदा नै 'ग्राउन्ड लेवल'को जन भावनाअनुसारकै हुनुपर्दछ । यसर्थ, कानुन निर्माणाधीन अवस्थामै जनस्तरसम्म व्यापक चर्चा र बहसको विषय बनाइनुपर्दछ । त्यो अवस्थामा निर्मित कानुन'दयगत जनता नै जानकार हुन्छन् । कानुनी सचेतना फैल्याउने भनेकै यही हो । तर, हाम्रोमा कानुनको मस्यौदा तयार पार्ने मन्त्रालयका पदाधिकारी र संसद्को सम्बन्धित समितिबाहेक अन्य सांसदलाई नै कानुन'दयगत जानकारी हुँदैन । तर तिनै अनभिज्ञ सांसद नै जनताबीच कुनै अशोभनीय घटना हुँदा कठोर दण्ड सजाय व्यवस्था गरिन्छ भनी कुर्लन्छन् । यो परिपाटी सच्याउनुपर्दछ ।

घरपरिवार र विद्यालयको भूमिका

यौन हिंसाबाट बच्ने उपायबाट बालबालिकालाई सचेत गराउने सबैभन्दा महत्वपूर्ण भूमिका अभिभावक र

विद्यालयको हुन्छ । किनकि बालबालिका अहोरात्र उनीहरुकै प्रत्यक्ष नियन्त्रणामा रहेका हुन्छन् । यसमा पनि बिहान बेलुकाको छोटो समय परिवारमा हुने रातमा विश्राम गर्ने हुँदा बालबालिकाको दिनभरको समय विद्यालय शिक्षक, शिक्षिकासँगै बित्छ । त्यही

बाँकी पेज ५ मा

पवित्रा र रचनाको संसद यात्रा



○सहीखर संवाददाता

मकवानपुर । दुई दशकदेखि जातीय विभेदविरुद्ध लड्दै आएकी हेटौंडा उपमहानगरपालिका ३ की पवित्रा विश्वकर्मा (विक)लाई कांग्रेसले समानुपातिकतर्फबाट प्रतिनिधिसभा सदस्य बनाएको छ ।

उनले बिहीबार प्रतिनिधिसभा सदस्य समानुपातिकतर्फबाट निर्वाचित भएको प्रमाणपत्र बुझेकी छन् । दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा समानुपातिकतर्फबाट प्रनितिधिसभा सदस्य बन्ने सौभाग्य उनले मात्र पाएकी छन् । ५ जेठ २०३४ मा दाङको तत्कालिन हलुवार गाविस १ मा जन्मेकी पवित्राको ८ कक्षा पढ्दै गर्दा १४ वर्षकै उमेर मागी विवाह भएको थियो ।

विवाहपश्चात पनि उनले पढाईलाई निरन्तरता दिइन् । उनले समाजशास्त्रमा स्नातकोत्तर गरेकी छन् । विवाहपश्चात विक दम्पती २०४८ सालमा काठमाडौं गएर एक वर्षपछि फेरि हेटौंडा आएका हुन् ।

हेटौंडामा अहिले उनको स्थायी बसोबास छ । दलित महिला संघ (फेडो) मा २०५८ सालदेखि निरन्तर सक्रिय रहँदै आएकी पवित्रा २०६१ सालमा फेडो मकवानपुरको अध्यक्ष बनिन् ।

जातीय विभेदविरूद्ध र दलित महिलाहरुको घाउमा मलमपट्टी लगाउँदै दलित महिला अभियन्ता बनिन् । फेडो बागमती प्रदेशको अध्यक्षको जिम्मेवारीसमेत वहन गरेकी विकसँग समावेशी महिलाहरुको सन्जाल संकल्पको अध्यक्ष बन्दाका अनुभव समेत छ ।

२०६१ सालपछि कांग्रेसको मातृ संगठन नेपाल महिला संघ मकवानपुरको कोषाध्यक्ष जिम्मेवारी वहन गरिसकेकी पवित्रा नेपाल दलित संघको केन्द्रीय सदस्यसमेत बनिसकेकी छन् ।

उनी कांग्रेसको १४औं महाधिवेशनको महासमिति सदस्यको रूपमा निर्वाचित भएकी थिइन् । विक यसअघि २०७४ को निर्वाचन पनि समानुपातिकतर्फको उम्मेदवार बनेकी थिइन् । ४८ वर्षीया विक त्यो बेला प्रतिनिधिसभाको सदस्य बन्ने अवसर पाइनन् ।

आफू दलित क्लस्टरबाट सांसद चुनिएको र सोही कारण दबिएका आवाजहरु बुलन्द गर्ने सोचाइ राखेको उनले सुनाइन् । कानुनको ठेलीमा मात्र होइन जातीय विभेदको अन्त्य व्यवहारमा नै उतार्नका लागि आफ्नोतर्फबाट अझ शसक्त रूपले पहलकदमी लिने बताइन् ।

बालविवाह भएको विगतको पीडालाई स्मरण गर्दै उनले भनिन्, 'बालविवाह अझै पनि हाम्रो समाजमा व्याप्त छ । त्यसमा पनि दलित र आदिवासी जनजाति समुदायमा अधिक छ । यसलाई न्यूनिकरण गर्न आफनोतर्फबाट सक्दो प्रयास गर्नेछु ।'

रास्वपाका निर्वाचित सांसदहरुलाई ललितपुरको ग्वार्कोमा अभिमुखीकरण दिने क्रममा पार्टी सभापति रवि लामिछानेले सचेत गराउँदै भनेका थिए, 'यहाँ सहिदकी आमा छिन्, ध्यान दिनुहोला । कुनै पनि विवौलियासँग साँठगाँठ र एक कप चिया खानुभन्दा अगाडि, उसको एक घुइको पानी खानुभन्दा अगाडि सहिदकी आमालाई सम्झिनुहोला । आफ्नो छोरो चढाएर संसद छिरेकी छिन् सहिदकी आमा । यो सामान्य कुरा हैन ।'

रविले लक्षित गरेका सहिदकी आमा हुन् रचना खतिवडा । जसले भदौ २३ गतेको नवयुवा (जेन जी) आन्दोलनका क्रममा २३ वर्षीय छोरा रसिक खतिवडालाई गुमाएकी थिइन् । रचना रास्वपाको समानुपातिक तर्फबाट सांसदमा मनोनीत भएकी थिइन् । रवि जतिबेला सहकारी ठगी प्रकरणमा धरौटीमा रिहा भएलगत्तै जेन जी आन्दोलनका सहिद परिवारलाई भेट्न बबरमहल पुगेका थिए । रविसँग आफ्नो कारूणिक कथा सुनाउँदै गर्दा रचना भक्कानिएकी थिइन् । रचनाको कथाले विभूत देखिएका रविका आँखा पनि त्यतिबेला टिल्पिलाएका थिए । रविले रचनालगायत सहिद परिवारलाई न्याय दिने वाचा पनि गरेका थिए । उनै रविको सिफारिसमा रचना रास्वपा समानुपातिक बन्दसूचीको खस आर्य महिला क्लस्टरबाट नवौं नम्बरमा सूचीबद्ध भएकी थिइन् ।

सांसदमा मनोनीत भएर दुई दिनको प्रशिक्षण कार्यक्रममा पुग्दा रचनाले सुदन गुरूङलाई अँगालो मार्दै भक्कानिँदै गरेको दृश्य सामाजिक सञ्जालमा धेरै प्रयोगकर्तासम्म पुगेको थियो । २३ गते प्रहरीको गोलीले ढलेका छोराको लाश देखेपछि रचना धेरै दिनसम्म अचेतमै रहेकी थिइन् । 'त्यो गाह्रो समयमा सुदन गुरूङले हामीलाई साथ दिनुभएको थियो । बाबुको अन्त्येष्टिको बेलामा पनि उहाँ हाम्रो साथ हुनुहुन्थ्यो,' रचनाले केही समयअघि थिइन् । त्यसकारण पनि सुदनसँगको जम्काभेटमा उनी भावुक बनेकी थिइन् ।

गृहणीदेखि सांसदसम्म

रचनाको घर काभ्रेको पनौतीमा छ । अहिले रचनाको परिवार काठमाडौंस्थित ठेकुमा बस्छ । आजभन्दा दुई दशकअघि रचनाको दैनिकी पनौतीमा खेती किसानीमै बित्थ्यो ।

श्रीमान् पुरूषोत्तम खतिवडा कामका सिलसिलामा काठमाडौं आए । रचनाले छोराछोरीलाई दु:खजिलो गरी हुर्काइरहेकी थिइन् । पछि दुई सन्तानसँगै रचना र पुरूषोत्तम काठमाडौं बस्न थाले । पुरूषोत्तम नेपाल ठेलिकमका कर्मचारी थिए । उनी काठमाडौंबाहिर बढी रहन्थे । रचना भने दुई सन्तान रसिला र रसिक (दिदी भाइ) हुर्काउँदै किराना पसल गर्न थालिन् ।

'मैले ३१ वर्ष किराना पसल गरँै । हामी दुईले दु:ख गरेर कमाएको पैसाले घर बनायौं, बाबुनानी हुर्कायौं, पढायौं,' रचनाले सुनाएकी थिइन् । केही वर्षअघिमात्र रचनाले किराना पसल गर्न छाडेकी थिइन् । रचनाकी जेठी छोरी रसिला अस्ट्रेलियामा थिइन् । रसिक पनि अस्ट्रेलिया जाने तयारीमा थिए ।

'त्यही क्रममा २३ गतेको आन्दोलनमा छोराले हामीलाई छाडेर गयो । चिया बनाउन दिउँसो आउँछु भनेको छोरा कहिल्यै फर्केर आएन,' रचना जतिबेला पनि यो क्षण सम्झेर भक्कानिरहन्छिन् । रचनालाई राजनीतिप्रति कहिल्यै चासो थिएन । उनको आँखामा केवल सन्तान र उनीहरुको सपना मात्र थियो । 'जब सन्तान नै राजनीतिक शक्तिमा रहेकाहरुले खोसिदिए । कोख रित्तियो । उसको न्यायका लागि भए पनि म अन्तिम श्वाससम्म पनि लडिरहन्छु,' रचना भन्छिन् । जेनजी आन्दोलनपछि रचना चेतमा होस् वा बेहोसीमा । चुप बसिनन् । काठमाडौंका सडकदेखि सिंहदरबार र बालुवाटारका गेट धाइरहिन् । आक्रोशमा प्रधानमन्त्री सुशीला कार्कीकै सामुन्ने औंला तेर्स्याइरहिन् ।

एकपटक प्रधानमन्त्री कार्कीसँगको भेट थियो । कार्की बोलिरहेकी थिइन् । उनी बोल्दाबोल्दै रचनाको सुन्ने धैर्य टुट्यो । उनले आवेगमा औंला ठड्याउँदै प्रधानमन्त्रीलाई भनिन्, 'हजुर त देशको आमा हुनुहुन्छ । म पनि एउटी आमा हो । आमाले न्याय गर्नुहुन्छ भनेर आएकी । खै, न्याय दिनुभएको ?' कार्कीले रचनालाई सम्हाल्दै आश्वासन दिएकी थिइन् , 'नानी, म विस्तारै गर्छु । मौका दिनुहोस् ।' सरकारसँग रचनाका गुनासा बाँकी थिए । सन्तानको हत्या गर्नेहरुलाई सजाय यो सरकारले दिन नसकेकोमा थप आक्रोशित थिइन् उनी । अब उनै रचना संसद् पुगेकी छन् । रचना संसदमा आफू मात्रै नपुगेको बताउँछिन् ।

सहिद परिवार र घाइतेहरुको आवाज र सुस्केरा पनि सँगै रहेको दाबी गर्छिन् । मनोनीत हुनेबित्तिकै उनलाई खुसी लागेको कुरा थियो, "सडकमा बोलिरहेको सरकारले सुनेको थिएन । अब म संसदमा बोल्न पाउँछु, घाइते र जेनजी सहिद परिवारको न्यायका निम्ति बलियो आवाज उठाउँछु ।"

हेटौंडा उपमहानगरपालिका वडा १६ को सूचना

सवारी दुर्घटनाबाट बचौं र बचाऔं, ट्राफिक नियमको पालना गरौं

१. हतार गरेर सवारी साधन नचलाउ र हतारमा सडक पार समेत नगरौं ।
२. सवारी साधन चलाउदा मोबाईल फोनको प्रयोग नगरौं ।
३. जथाभावि र गलत दिशाबाट ओर्भटेक नगरौं र बाटो नकाटौं ।
४. बाटोको अवस्था अनुसार गति निर्धारण गरौ ।
५. सवारी साधन सुरक्षित चलाउ किनकी घरमा परिवार कुरेर बसिरहेका छन् ।
६. ओभर स्पिड र ओभरटेकमा ध्यान दिऔं ।
७. मादक पदार्थ सेवान तथा लागु पदार्थ सेवन गरेर सवारी नचलाऔं ।

१६ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

क्षयरोग:उपचार केन्द्र देशभर,दैनिक ४४ जनाले गुमाउँछन् ज्यान

○ सहीखबर संवाददाता

सरकारले सन् २०५० सम्ममा क्षयरोगमुक्त नेपाल बनाउने लक्ष्य राखेको छ। देशभरका ६ हजार २४१ स्वास्थ्य संस्थाबाट सरकारले क्षयरोगको नि:शुल्क औषधि बाँडिरहेछ। ७८५ केन्द्रमा खकार परीक्षण (माइक्रोस्कोपी) र १४२ स्थानमा अत्याधुनिक द्रुत परीक्षण (जेन एक्सपर्ट) सेवा पनि उपलब्ध छ। उपचारका यति धेरै संयन्त्र र लगानीका बाबजुद नेपालमा क्षयरोगको संक्रमण र मृत्युदर अझै डरलाग्दो देखिन्छ।

सरकारी तथ्यांकअनुसार नेपालमा अहिले पनि दैनिक ४४ जनाले क्षयरोगकै कारण ज्यान गुमाइरहेछन्।

सन् २०५० सम्ममा 'क्षयरोगमुक्त नेपाल' बनाउने महत्वाकांक्षी लक्ष्य राखेको सरकारका सामु नयाँ बिरामी पत्ता लगाउनु र उनीहरुलाई उपचारको दायरामा टिकाइराख्नु नै मुख्य चुनौती बनेको छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को अनुमानअनुसार नेपालमा वार्षिक करिब ६७ हजार नयाँ क्षयरोगी थपिन्छन्। अर्थात्, प्रति एक लाख जनसंख्यामा २३७ जनामा संक्रमण छ। मृत्यु हुनेको संख्या भने वार्षिक १६ हजारको हाराहारीमा छ।

राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा. भुवन पौडेलका अनुसार नेपालले करिब ९० वर्ष अघिदेखि नै क्षयरोगविरूद्ध काम गरिरहेको भए पनि सोचेजस्तो सफलता मिल्न सकेको छैन। 'यो लक्ष्य हासिल गर्न प्रति लाख जनसंख्यामा बिरामीको संख्या ३० भन्दा कममा झार्नुपर्ने हुन्छ, त्यसका लागि सबै तहको सहकार्य र समन्वय जरुरी पर्छ,' डा. पौडेल भन्छन्, 'तर क्षयरोगी उपचारको दायरामा नआउँदा नियन्त्रणमा समस्या देखिएको छ।'

संक्रमितहरु उपचारको दायरामा नआउँदा समुदायमा अरुलाई पनि रोग सर्छ, यसले गर्दा संक्रमणको साङ्लो तोड्न कठिन भएको हो। केन्द्रले अहिले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) युक्त एक्सरे र पीसीआर परीक्षणको व्यवस्था मिलाएको छ। 'बिरामी उपचारको दायरामा आएमा पूर्ण रुपमा निको हुन्छन्,' उनले थपे, 'तर सबै बिरामी अझै पनि परीक्षण र उपचारको दायरामा नआउँदा सरकारी लक्ष्य पूरा गर्न चुनौती देखिएको छ।'



औषधि प्रतिरोधी (डीआर) क्षयरोगको बढ्दो जोखिम

क्षयरोग नियन्त्रणमा देखिएको अर्को ठूलो पर्खाल 'औषधि प्रतिरोधी' (मल्टी ड्रग रेजिस्टेन्स एमडीआर) क्षयरोग हो। सामान्यतया ६ महिना नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ। तर, बिरामीले बीचमै औषधि छाडिदिँदा वा स्वास्थ्यकर्मीको सल्लाहबिना औषधि तलमाथि गर्दा कीटाणुहरु थप शक्तिशाली बन्छन्।

वीर अस्पतालका छाती रोग विशेषज्ञ डा. प्रज्ज्वल श्रेष्ठका अनुसार क्षयरोगमा औषधिले कामै नगर्ने समस्या नयाँ चुनौतीका रुपमा थपिएको छ।

औषधिले कामै नगर्ने नयाँ समस्या पनि देखिएको छ। औषधिले कामै नगर्ने नयाँ समस्या पनि देखिएको छ।

'बिरामीले केही समय औषधि खाएपछि ठिक भएको महसुस गर्छन् र औषधि खान छोड्छन्। यसो गर्दा बाँकी रहेका कीटाणुहरुले औषधिसँग लड्ने क्षमता विकास गर्छन्, खाइरहेको औषधिले काम गर्न छोड्छ,' डा. श्रेष्ठ भन्छन्। औषधिले काम नगर्ने अवस्था (ड्रग रेजिस्टेन्स) मा पुगेपछि उपचार थप जटिल, लामो र महँगो बन्न पुग्छ।

अहिले देशभर औषधि प्रतिरोधी क्षयरोग उपचारका लागि ३१ केन्द्र र ९८ उपकेन्द्र सञ्चालनमा छन् तर समुदायमा लुकेर रहेका यस्ता बिरामीको खोजी अझै प्रभावकारी हुन सकेको छैन।

७२ प्रतिशत फोक्सोका बिरामी

माइकोब्याक्टेरियम ट्युबरकुलोसिस नामक ब्याक्टेरियाबाट सर्ने यो रोग मुख्यतया फोक्सोमा लाग्छ। कुल संक्रमितमध्ये ७२ प्रतिशत फोक्सोका बिरामी हुन्छन् भने बाँकी २८ प्रतिशतमा फोक्सोबाहिरका अंग जस्तै ग्रन्थी, आन्द्रा, मस्तिष्क, हाड, प्रजनन अंग, छाला र आँखामा संक्रमण देखिन्छ।

संक्रमित व्यक्तिको खोकी, हाछ्युँ वा श्वासप्रश्वासबाट निस्कने स साना थोपाहरु (ड्रपलेट्स) मार्फत यो स्वस्थ व्यक्तिमा सर्छ। रोग प्रतिरोधात्मक क्षमता कम भएका, मधुमेह, मिर्गौला प्रत्यारोपण गरेका, क्यान्सर रोगी र एचआईभी संक्रमितलाई यो रोगले छिटो आक्रमण गर्छ। तर, कीटाणु छिर्दैमा सबैलाई रोग लाग्दैन। शरीरमा कीटाणु पुगेकामध्ये करिब १० प्रतिशतमा मात्रै लक्षणहरु देखिन्छन्।

क्षयरोग पत्ता लगाए, नोबल पुरस्कार पाए

स्वास्थ्य मन्त्रालय र अन्य संघस्थाले कार्यक्रम गरी मंगलबार विश्व क्षयरोग दिवस मनाएका छन्।

स्वास्थ्य मन्त्रालय र अन्य संघस्थाले कार्यक्रम गरी मंगलबार विश्व क्षयरोग दिवस मनाएका छन्। मानव सभ्यताकै पुरानो रोग मानिने क्षयरोगको कीटाणु सन् १८८२ मार्च २४ मा जर्मन वैज्ञानिक रबर्ट कोचले पत्ता लगाएका थिए। यही खोजका लागि उनले सन् १९०५ मा नोबेल पुरस्कार पाएका थिए। नेपालमा भने विक्रम संवत् १९९३ देखि यसको औपचारिक उपचार सुरू भएको हो।

हाल सरकारले १४९ स्थानीय तहमा 'क्षयरोगमुक्त नेपाल अभियान' विस्तार गरेको छ। संघीय सरकारले नीतिगत व्यवस्थापन, औषधि र प्रयोगशालाको खर्च ब्यहोर्दै आएको छ भने स्थानीय तहले प्रत्यक्ष निगरानीमा उपचार (डट्स) सेवा प्रदान गरिरहेका छन्। नवजात शिशुलाई जन्मनासाथ लगाइने बीसीजी खोपले पनि क्षयरोगविरूद्ध सुरक्षा दिँदै आएको छ। तथापि, दैनिक ४४ जनाको ज्यान जाने तथ्यांकले के स्पष्ट पार्छ भने : अस्पतालमा उपलब्ध सेवा र समुदायमा रहेका बिरामीबीच अझै ठूलो खाडल छ।

नेपाल खबरबाट साभार

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

मनहरी गाउँपालिका गाउँकार्यपालिकाको

कार्यालय मकवानपुर

राष्ट्रिय महिला भलिबलको उपाधि न्यू डायमण्डको कब्जामा

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगरपालिका १०, स्थित टिसीएन चौरमा जारी राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि काठमाडौंको न्यू डायमण्ड क्लबले कब्जा गरेको छ ।

जिल्ला खेलकुद विकास समिती मकवानपुरले आयोजना गरेको बृहत् खेलकुद कृषि तथा पर्यटन महोत्सव अन्तर्गत आइतबार दिउँसो भएको फाइनलमा बागमती प्रदेशको केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानलाई ३-० को सोझो सेटले हराउँदै काठमाडौ चन्द्रगिरी नगरपालिकाको न्यू डायमण्ड क्लबले उपाधि आफ्नो पोल्टामा पारेको हो ।

फाइनलमा केशवलाल स्मृति प्रतिष्ठानलाई २५-१३, २५-१५ र २५-२३ को सोझो सेटमा पराजित गरेको हो । उपाधि विजेतासंगै न्यू डायमण्डले ३ लाख रूपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता केशवलालले २ लाख रूपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्रमा चित्त बुझाए छ । यस्तै, सेमीफाइनलमा पराजित भएका लुम्बिनी प्रदेश पाल्पा जिल्लाको स्टेप भलिबल क्लब र मधेश प्रदेशको जनशक्ति युवा क्लबले ५० हजार रूपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।



प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै न्यु डायमण्ड क्लबकी सुनिता क्षेत्रीले १० हजार रूपैयाँको नगद पुरस्कार प्राप्त गरेकी छिन् । उत्कृष्ट स्पाइकर न्यू डायमण्डकी जेनिशा विश्वकर्मा, उत्कृष्ट डिफेन्डर एज्जीला प्रधान, उत्कृष्ट सेटर न्यू डायमण्डकी भावना तामाङ, उत्कृष्ट सर्भर केशवलाल प्रतिष्ठानकी रेबिका लामा, उत्कृष्ट ब्लकर केशवलालकी सलिना गुरूङ र उत्कृष्ट प्रशिक्षक न्यू डायमण्डकी कुमार राई घोषित भएका छन् ।

उनीहरूले जनही ५/५ हजार रूपैयाँको नगद पुरस्कार र मेडल प्राप्त गरेकी छिन् ।

दोस्रो सेमीफाइनलमा पाल्पाको स्टेप भलिबल क्लबलाई २५-१६, २५-७ र २५-२० को सोझो सेटले पराजित गर्दै केशवलाल प्रतिष्ठान फाइनलमा प्रवेश गरेको थियो ।

यस्तै पहिलो सेमीफाइनलमा न्यू डायमण्डले मधेश प्रदेशको जनशक्ति युवा क्लबलाई २५-१०, २५-१४ र २५-१८ को सोझो सेटले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो ।

न्यू डायमण्ड क्लब यस अघिको महोत्सवमा भएको प्रतियोगिताको उपविजेता टोली हो । समूह ए बाट लिगको ३ खेल खेलेको न्यू डाइमण्ड र समूह बी बाट लिगको ३ खेल खेलेको केशवलालले विजेता बन्दै फाइनल यात्रा तय गरेका थिए ।

बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मन्त्री मदुसुदन पौडेलको प्रमुख आतिथ्यमा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानको सभाध्यक्षमा पुरस्कार वितरण भएको थियो ।

मकवानपुर जिल्ला भलिबल संघ र केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानको व्यवस्थापनमा भएको प्रतियोगितामा ६ वटा राष्ट्रिय टिमको सहभागिता रहेको थियो ।

यसैगरी खेलकुद महोत्सवमा अन्तिम प्रतियोगिता अन्तर्गत राष्ट्रिय खुल्ला तेक्वान्दो चैत ११ बुधबारदेखि शुक्रबारसम्म सचालन हुने आयोजकले जानकारी दिएको छ।

अन्तराष्ट्रिय शैक्षिक गुणस्तर कायम गर्दै भुटनदेवी मावि

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगरपालिका ४ स्थित भुटनदेवी माध्यमिक विद्यालयले अन्तराष्ट्रिय गुणस्तर कायम गर्ने भएको छ ।

भुटनदेवी मावि र ग्लोवल क्वालिटी काउन्सिल, नेपालको प्रतिनिधिबीच आईतबार अन्तराष्ट्रिय गुणस्तर (आईएसओ) मा जाने सम्झौतामा हस्ताक्षर भएको हो । भौतिक र शैक्षिक स्तर सुधारसहितको आईएसओमा हस्ताक्षर विद्यालय व्यवस्थापन समिति अध्यक्ष नवीन सिग्देल, प्रधानाध्यापक सूर्यप्रसाद घिमिरे र काउन्सिलका प्रतिनिधि सुदीप शर्माले गरे ।

आगामी २०८३ चैत्र मसान्तभित्र अन्तराष्ट्रिय गुणस्तर प्रमाणिकरण गरिसक्ने लक्ष्य रहेको विद्यस अध्यक्ष सिग्देलले जानकारी दिए । उनले भौतिक संरचनाको गुणस्तरीय व्यवस्थापन र शैक्षिक वातावरण अन्तराष्ट्रियस्तरको मापदण्ड कायम गरिने प्रतिबद्धता व्यक्त गरे।

विद्यालयको प्रारम्भिक बस्तुस्थितिको परीक्षण र आगामी ३ वर्षे शैक्षिक गुणस्तर ढाँचा तयार गरिएको ग्लोवल क्वालिटी काउन्सिल, नेपालका प्रतिनिधि सुदीप शर्माले जानकारी दिए। शर्माले सामुदायिक विद्यालयमा मकवानपुरको पहिलो अन्तराष्ट्रिय गुणस्तर प्रमाणिकरण भएको विद्यालय भुटनदेवी मावि हुने समेत बताए ।

विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावक संघ, अनुगमन समितिका सदस्यहरुलाई अन्तराष्ट्रिय गुणस्तर मापदण्ड र सुचकबारे अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिएको प्रअ सूर्यप्रसाद घिमिरेले जानकारी दिए ।

विभिन्न चरणमा भएको छलफल र अन्तर क्रियामा विद्यस अध्यक्ष सिग्देल, प्रअ घिमिरे, ग्लोवल क्वालिटी काउन्सिल, नेपालका प्रतिनिधि शर्मासहितको टोली तथा शिक्षक तथा अभिभावक संघ, नेपालका अध्यक्ष निकेशकृष्ण श्रेष्ठको उपस्थिती रहेको थियो ।

विद्यालय अनुगमन समितिका संयोजक ईन्द्रप्रसाद नेपाल, ठोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुव अधिकारी, महासचिव शिवहरीलगायत विभिन्न समितिका सदस्यबीचको छलफलपछि अन्तराष्ट्रिय गुणस्तर प्रमाणीकरणमा जाने सम्झौता गरिएको सहायक प्रअ तथा विद्यालय आईएसओ वेदराज कोईरालाले बताए ।

१७१ केजी गाँजासहित गाडी चालक पक्राउ

मकवानपुर ।मकवानपुरको मनहरी गाउँपालिकामा प्रहरीले गाँजासहित चालकलाई पक्राउ गरेको छ । प्रहरीले गाँजा ओसार पसारमा प्रयोग गरिएको गाडी नियन्त्रणमा लिएको छ ।

प्रहरीले १ सय ७१ केजी गाँजासहित गाडी चालक राक्सिराङ गाउँपालिका ४ का २० वर्षीय अक्कलप्रसाद स्याङतानलाई नियन्त्रणमा लिएको हो । इलाका प्रहरी कार्यालय मनहरीबाट मंगलबार खटिएको प्रहरी टोलीले मनहरी गाउँपालिका ९ स्थित हरियाली सामुदायिक जंगलको भित्री सडक खण्डमा शंकास्पद अवस्थामा आउँदै गरेको गाडीलाई रोकेर चेकजाँच गर्ने क्रममा गाडीभित्र लुकाएर ल्याइएको गाँजा फेला पारेको हो ।

राक्सिराङ गाउँपालिका १ भाबरबाट मनहरी ९ खरंगा हुर्द पूर्वपश्चिम राजमार्गतर्फ आउँदै गरेको बा १३ च २०१४ नम्बरको गाडी चेकजाँच गर्दा गाडीको पछाडि लोड गरिएको अवस्थामा २७ प्याकेट लागूऔषध गाँजा फेला परेको इप्रका मनहरीका प्रहरी निरीक्षक दीपक थापाले बताए । प्रहरीले प्लास्टिकका प्याकेटमा प्याक गरेका १ सय ७१ केजी २१ ग्राम गाँजासहित गाडी र चालकलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक एवं प्रवक्ता पुस्कर बोगटीले बताए ।

यौन अपराध अनुसन्धानको ...

समयको बालबालिकाको हरेक गतिविधि शिक्षकशिक्षिकाले 'मनिटर' गरेका हुन्छन् । कक्षा कोठामा बस्नेदेखि पठनपाठन, शिक्षक र सहपाठी साथीसँग कुराकानी तथा पारस्परिक व्यवहार, शिक्षकशिक्षिका नै बढी जानकार हुन्छन् । 'कुन विद्यार्थी कस्तो नेचरका छन् ?' भन्ने शिक्षकशिक्षिकालाई नै बढी थाहा हुन्छ ।

बालबालिकालाई शिक्षा प्रदान गर्ने, बालबालिको पारस्परिक व्यवहार असामान्य पाइए उतिखेरै सम्झाउने, पुन: नदोहोऱ्याउन सचेत गराउने, अपरिचित व्यक्तिसँग ठाढै रहने, परिचितसँगै पनि अनावश्यक हेलमेल नगर्ने, विद्यालय बन्द भएपछि सरासर घर पुग्ने भन्ने हृदयगत बालबालिकाले पालन गर्नुपर्ने आचरण र व्यवहारका कुरा शिक्षकशिक्षिकाले पाठ्यक्रमकै विषयवस्तु पढाउनेक्रममै दृष्टान्त दिएरै बुझाउन सक्छन् ।

यसनिम्ति अलगै 'क्लास' लिइरहनै पर्दैन । यो गरेरै सिक्ने वा 'लर्निङ वाई डुइङ' सिद्धान्तकै कुरा हो । विषयवस्तुमा 'फोकस' गर्नेक्रममै शिक्षकशिक्षिकाले यस कुरालाई विशेष महत्व दिनुपर्दछ ।

यसैगरी, घरपरिवारका सदस्यको भूमिका त झन् सर्वोपरि हुन्छ । सबै बालबालिकाको पारिवारिक पृष्ठभूमि र परिवारका अग्रजले अपनाउने व्यवहार सबैको समान हुँदैन । निश्चितरुपमा परिवारको प्रभाव बालबालिकामा पर्दछ नै । अधिकांश अभिभावक सन्तानको भविष्यप्रति संवेदनशील हुन्छन् त कतिपय हुँदैनन् । पारिवारिक शिक्षास्तर पनि अभिभावकै वासोमा निर्भर रहने हुँदा सबैको समान हुँदैन ।

तथापि, आफ्ना बालबालिकाको भविष्य सुनौलो होस् । कसैले दु:ख, पीडा र सन्तापमा पर्नु नपरोस् भन्ने चाहना प्राय: सबै अभिभावकको हुन्छ । यसक्रममा अभिभावकले बालबालिकालाई उमेरअनुसारको चारित्रिक बनाउने उद्देश्य राख्नुपर्दछ ।

यसक्रममा प्रदान गर्नुपर्ने विविध पक्षसम्बद्ध ज्ञानका अलावा चरित्र निर्माणमा ख्याल राख्नुपर्ने आचरण, व्यवहार र नैतिक शिक्षाहृदयगत बराबर सम्झाइर हने हो भने निश्चय नै बालमस्तिष्कमा त्यसले सकारात्मक प्रभाव पार्दछ । जसको परिणाम उमेर बढेसँगै बालबालिका पनि यौनजन्य हिंसाबाट ठाढै रहने प्रयासमा लाग्छन् । यौनहिंसा नियन्त्रण गर्ने यो प्रभावकारी उपाय हो ।

अश्लील अवलोकन र प्रदर्शनमा रोक

युगानुकुल द्रुतगतिमा सामाजिक सञ्जाल विकास भइरहेको छ । एकातिर सामाजिक सञ्जाल ज्ञानको स्रोत मानिन्छन् भने अर्कोतिर पछिल्लो समय तिनै सामाजिक सञ्जाल अपराधकै स्रोत बन्न थालेका छन् । जुन यसको नकारात्मक प्रभावको पराकाष्ठा हो । वास्तवमा सामाजिक सञ्जाल उपकरण उत्पादन, सकारात्मक सोचमै आधारित हो । तर, नकारात्मक सोचवाला, आपराधिक मानसिकताका व्यक्तिले यसको दुरूपयोग गरिरहेका छन् । त्यसले सिंगो समाजलाई नै प्रभावित पारेको छ ।

दुरुपयोगको कारकतत्व पनि हाम्रो समाज हो भन्ने स्वीकार गर्नुपर्दछ । किनकि आपराधिक कार्यमा सामाजिक सञ्जाल प्रयोगको मुख्य जड पनि राज्य व्यवस्थाका कमजोर पक्ष, बेरोजगारी समस्या, सामाजिक विभेद, आर्जनमुखी शिक्षा तथा स्वार्थको बाहुल्यता नै हो । यसर्थ, यी विकृति अन्त्यका लागि राज्य नै सक्रिय हुनुपर्दछ । सामाजिक सञ्जालबाट प्रसारित हुने सामग्री व्यवस्थित गर्नुपर्दछ । अश्लील प्रदर्शनी रोक्नुपर्दछ । यतिमात्र भए पनि यौनजन्य हिंसामा धेरै कमी आउँछ ।

यौन हिंसाको नकारात्मक पक्ष

समाजमा घट्ने यौनजन्य हिंसाका घटना'दयगत सबैले थाहा पाएकै हुन्छन् । तर त्यस्तै घटना आफू र आफ्नो परिवारमा घटे के होला ? भनी सोचविचार भने कमैले गर्दछन् । यौनजन्य हिंसाको प्रत्यक्ष पीडित एकै व्यक्ति हुने भए पनि त्यही एकै घटनाले सिंगो समाजलाई पीडित बनाएको हुन्छ भन्ने अनुभूति समाजले नगरेसम्म यौन हिंसा अन्त्य हुँदैन ।

'मानिसले धनसम्पत्ति गुमायो भने मेहनत र परिश्रम गरेर पुन: आर्जन गर्न सक्छ । रोजगारी गुमायो भने पुन: प्राप्त गर्न सक्छ । मित्र गुमायो भने बनाउन सक्छ तर चरित्र र इज्जत प्रतिष्ठा नै गुमायो भने सबै चिज गुमाउँछन्' भन्ने समाजले अनुभूति गर्नुपर्दछ । यसनिम्ति यौनहिंसामा १० वर्ष कैद सजाय पाएकै युवाको भविष्यको दृष्टान्त बालबालिकालाई काफी हुन्छ ।

किनकि कैद भोगिसकेका व्यक्तिले सरकारी जागिर पाउँदैन, वैदेशिक रोजगारमा जान पाउँदैन, समाजमा सधैं घृणाको पात्र बन्छ । यस्तो नकारात्मक पक्षबाट पीडकलाई मात्र होइन, उसको परिवारका सदस्यलाई समेत जीवनभर पर्ने असर'दयगत जनचेतना विस्तार गरेर पनि यौनजन्य हिंसा नियन्त्रणमा ल्याउन सकिन्छ । *राजधानी दैनिकबाट*

नागरिकता छैन, वृद्धभत्ता पनि छैन

○ सहीखबर संवाददाता

मकवानपुर । नागरिकता नहुँदा मकवानपुर जिल्लास्थित चेपाङ समुदायका अधिकांश वृद्धवृद्धा सामाजिक सुरक्षा भत्ताबाट बञ्चित भएका छन् ।

यसरी मर्कामा पर्नेमध्ये कैलाश गाउँपालिका ७, गार्लिङकी फूलमाया चेपाङ पनि हुन् । अहिले उनी ७१ वर्षकी भइन् । सात छोराछोरीकी आमा र २३ नातिनातिनाको हजुरआमा बनिसकेकी उनको अहिलेसम्म नागरिकता छैन ।

नागरिकता बनाउन सिफारिसका लागि दुई पटक कैलाश ७, ताम्लाङस्थित वडा कार्यालय पुगिसकिन् । तर, सिफारिस पाउन सकिनन् । चार वर्षअघि नागरिकता नबनाएरै पति सोमलालको मत्यु भइसक्यो । माइतीमा पनि आमा बुवा र दाजुभाइ कोही नभएकाले सिफारिसपत्रका लागि आवश्यक कागजात जुटाउन नसकेपछि उनको नागरिकता बन्न सकेन ।

'नागरिकता भइदिएको भए त सरकारले दिने वृद्धभत्तासम्म खान पाइन्थ्यो,' उनले भनिन्, 'नागरिकता नभएर भत्ता पाइनँ ।' नेपाली बुझे पनि उनी चेपाङ भाषामै कुरा गर्छिन् । उनका तीन छोराले नागरिकता बनाइसके । छोरीहरु विवाह गरेर गइसके । उनको भने अझै नागरिक बनेको छैन ।

गत फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रचार गर्न घरमा आएका उम्मेदवारसित फूलमायाले नागरिकता नपाएको दुखेसो सुनाएकी थिइन् । अहिले उनी कान्छा छोराको घरमा बस्छिन् । छोरा पनि कामको खोजीमा चितवन गएका छन् ।

बुहारीले दिउँसो ज्यालादारी गरेर ल्याएको पैसाले मकैको पिठो किनेर पेट भर्ने गरेको उनले बताइन् । कैलाश ७ का वडाध्यक्ष उदास ब्लोनले फूलमायाका माइती र घरतर्फका आफन्त कोही नभएकाले सिफारिस दिन नसकिएको बताए । 'छोराहरुले पहिलाको बाबुका तर्फबाट नागरिकता बनाएका रहेछन्,' उनले भने, 'फूलमायाले सोमलालसँग दोस्रो विवाह गरेकी हुन्, कागज जुटाउने सकिएन ।'



जिल्लास्थित कैलाश र राक्सिराङ गाउँपालिकाका दुर्गमका करिब ३० प्रतिशत चेपाङ समुदाय नागरिकताविहीन छन् । 'कैलाश गाउँपालिकामा पर्ने साविकको भार्ता, कालिकाटार, नामटार, डाँडाखर्क, गोगनेमा बसोवास गर्नेमध्ये ३० प्रतिशत स्थानीय नागरिकताविहीन छन् । राक्सिराङ र कैलाश गाउँपालिकाका ३० प्रतिशत चेपाङ समुदाय नागरिकताविहीन रहेको नेपाल चेपाङ संघका अध्यक्ष गोविन्दराम चेपाङले बताए । उनका अनुसार ५० वर्षमाथि उमेरका व्यक्ति नागरिकताविहीन छन् । नागरिकता नभएकाले अधिकांश वृद्धवृद्धा चेपाङहरु सामाजिक सुरक्षा भत्ताबाट वञ्चित हुँदै आएका छन् । उनीहरु अत्यन्त विपन्न छन् तर राज्यले दिएको सामाजिक सुरक्षा भत्ता पनि उनीहरुले पाउन सकेका छैनन् ।

राक्सिराङमा पर्ने साविकको खैराङ, काकडा, सरिखेत, राक्सिराङ गाविसका बासिन्दा पनि नागरिकताविहीन छन् । 'गाउँपालिकामा रहेका ३० प्रतिशतभन्दा बढी चेपाङहरु नागरिकताविहीन छन्,' गाउँपालिका अध्यक्ष राजकुमार मल्लले भने, 'देश जानु पर्‍यो भनेमात्र नागरिकता बनाउने गर्छन्, नत्र नागरिकता बनाउँदैनन् ।'

दुबै गाउँपालिका अध्यक्षले दुर्गममा नागरिकता वितरणका लागि घुम्ती शिविर संचालन गर्न जिल्ला प्रशासन कार्यालयसमक्ष माग गरिरहेका छन् । चेपाङ समुदाय नागरिकताविहीन मात्र छैनन् । उनीहरुमध्ये अधिकांश लालपुर्जाविहीन छन् । चेपाङ समुदायमध्ये २५ प्रतिशतमात्र साक्षर छन् । २०६८ को जनगणना अनुसार मुलुकमा ८४ हजार ३ सय ६४ चेपाङको जनसंख्या छ । जसमध्ये मकवानपुरमा २३ हजार ६ सय ५०, चितवनमा ३५ हजार ६ सय ३७ चेपाङको बसोबास छ । अहिले २६ वटा जिल्लामा उनीहरु पुगेका छन् ।

भिरबाट लडेर बालिकाको मृत्यु

○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरमा भिरबाट लडेर १० वर्षीया बालिकाको मृत्यु भएको छ।

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका ३ रामचन्द्र भन्ज्याङकी लमिना वाइबाको मृत्यु भएको हो। विद्यालयबाट घर फर्किएका उनलाई आमा गंगामाया लोले लालीगुराँस टिप्न भनी घरभन्दा केही पर छिमेकीको घरमा डोको लिन पठाएकी थिइन्। साँझसम्म पनि घर नफर्किएपछि राति १२/१ बजेसम्म घर वरपर खोजी गरिएको थियो। तर रातमा उनी फेला परिनन्।

लमिनालाई भोलीपल्ट मंगलबार बिहानै खोजी गर्ने क्रममा घरनजिकै भिरबाट लडेको अवस्थामा उनी मृत भेटिएको पढाउने शिक्षक सुनिता मोक्तानल जानकारी दिइन्। लमिना सोही वडामा रहेको रामचन्द्र भन्ज्याङ आधारभूत विद्यालयका कक्षा ३ मा पढ्थिन्।

यसैगरी हेटौंडा उपमहानगरपालिका ४ श्रमिकस्थित पोलमा स्थानीय केबलको तार मर्मत गर्ने क्रममा पोलबाट लडेर एक चेपाङ युवकको मृत्यु भएको छ । राक्सिराङ गाउँपालिका ६ खरखण्डे घर भई हेटौंडा उपमहानगरपालिका १ मा बस्दै आएका १८ वर्षीय भुवाजन चेपाङको केबलको तार मर्मत गर्ने क्रममा पोलबाट खसेर मृत्यु भएको हो ।

बिजुलीको पोलमा नेटफ्लिक्स इन्टरनेटमा काम गर्ने चेपाङ पोलमा चढेर तारको मर्मत गर्ने क्रममा लडेर गम्भीर घाइते भएका थिए । उपचारकै क्रममा हेटौंडा अस्पतालमा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले बताए ।

सहीखबर



पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड